संविधानसभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम ८९ को उपनियम २ बमोजिम

अर्थमन्त्री डा. रामशरण महतले
व्यवस्थापिका-संसदमा प्रस्तुत गर्नुभएको

# विनियोजन विधेयक, २०७१ का सिद्धान्त र प्राथमिकता

नेपाल सरकार
अर्थ मन्त्रालय
जेठ, २०७१

**सम्माननीय सभामुख महोदय,**

१. आगामी आर्थिक वर्ष २०७१/७२ को वार्षिक बजेट तयारीको क्रममा रहेको छ। आगामी बजेटलाई यथार्थपरक, कार्यान्वयनयोग्य तथा नतीजा उन्मुख बनाउने उद्देश्यले संविधानसभा (व्यवस्थापिका-कार्य सञ्चालन) नियमावली, २०७० को नियम ८९ को उपनियम २ बमोजिम यस सम्मानित संसदसमक्ष विनियोजन विधेयक, २०७१/७२ का सिद्धान्त र प्राथमिकता यस सम्मानित सदनमा प्रस्तुत गर्दछु।

२. राष्ट्रको समग्र ध्यान संविधान निर्माणमा केन्द्रित हुने भएता पनि आर्थिक वृद्धिदरलाई उच्च राख्दै गरिबी न्यूनीकरण गर्दै जाने, मुलुकलाई आर्थिक समुन्नतिको बाटोमा लैजान सन् २०२२ सम्म अल्पविकसित मुलुकको स्तरबाट विकासशील मुलुकको स्तरमा उकास्ने अठोटका साथ आर्थिक विकासको ठोस आधारशीला खडा गर्नुपर्ने आवश्यकता हामी सबैले महसूस गरेका छौं। केही दिनपछि व्यवस्थापिका-संसदमा प्रस्तुत गरिने आगामी आर्थिक वर्षको बजेट यिनै उद्देश्य तर्फ उन्मुख रहने कुरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु।

३. नेपालले विगतमा अख्तियार गरेका आर्थिक सुधारका कार्यक्रमहरूबाट विभिन्न क्षेत्रमा अनुभूत गर्ने गरी प्रगतिका लक्षण देखापरेका छन्। मानवीय सूचकाङ्कहरूमा भएको उल्लेखनीय सुधार, गरिबी न्यूनीकरण, यातायात, सञ्चार, विद्युतीकरण जस्ता भौतिक पूर्वाधारको विकास, राजस्व संकलनको वृद्धिदर, विदेशी मुद्राको सञ्चिति, शिक्षा, स्वास्थ्य सेवाको विस्तार, सामाजिक

समावेशीकरण, बैंक तथा वित्तीय क्षेत्र, हवाई सेवा, आम सञ्चार आदि क्षेत्रमा भएका उपलब्धिहरू हाम्रा सामुन्ने छन्।

४. विकासका सूचकहरूमा भएको परिमाणात्मक उपलब्धिलाई अबका दिनमा गुणात्मक सुधारतर्फ लक्षित गर्नुपर्ने आवश्यकता देखिएको छ। संरचनागत तथा संस्थागत सुधारका माध्यमबाट उत्पादन प्रक्रियामा रहेका अवरोधहरू हटाउँदै सरकारी, निजी र अन्य लगानीका लागि वातावरण बनाउनुपर्ने आवश्यकता रहेको छ। त्यस्तै, विगतमा कार्यान्वयन गरिएका आर्थिक सुधार कार्यक्रमका सकारात्मक सिकाइहरूलाई निरन्तरता दिंदै आवश्यकता अनुसार नियमन एवं व्यवस्थित गर्न नयाँ चरणको सुधार कार्यक्रम लागु गर्नुपर्ने आवश्यकता रहेको छ।

**सम्माननीय सभामुख महोदय,**

५. विगतका कतिपय सकारात्मक उपलब्धिहरूका बावजूद नेपालको अर्थतन्त्र अझै पनि चुनौतिपूर्ण अवस्थामा छ। समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक रहँदा रहँदै पनि अर्थतन्त्र अपेक्षित रूपमा गतिशील हुन सकेको छैन। दक्षिण एशियाली मुलुकहरूको तुलनामा मानवीय विकासको सूचकाङ्कमा नेपालको स्तर राम्रो रहेता पनि न्यून आर्थिक वृद्धिदरका कारणले नेपालीको प्रतिव्यक्ति आय सबैभन्दा कममध्ये रहेको छ। मानवीय सूचकाङ्कमा पनि क्षेत्रीय, लैङ्गिक एवं जातीय असमानता विद्यमान छ।

६. केही वर्ष यता सरकारी खर्चमा चालु खर्चको मात्रा बढ्दै गएको छ। विगत तीन वर्षको पूँजीगत खर्चको औसत अनुपात केवल २२ प्रतिशत रहेको छ। बढ्दो चालु खर्चका कारण पूँजी निर्माणका लागि यथेष्ट स्रोत जुटाउन सकिएको छैन। एकातिर पूँजीगत खर्च बढाउनुपर्ने आवश्यकता छ भने अर्कोतिर यसमा विनियोजित रकम पनि खर्च हुन नसकेको अवस्था छ। निजी क्षेत्र आवश्यक मात्रामा लगानी क्षेत्रमा आकर्षित हुन नसकेका कारण बैंक तथा वित्तीय क्षेत्रमा अधिक तरलता रहेको छ।

७. नेपाललाई सन् २०२२ सम्म अल्पविकसित मुलुकबाट विकासशील मुलुकको स्तरमा लैजान वार्षिक औसत ८ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धिदर चाहिने र कुल गार्हस्थ उत्पादनको कम्तीमा ३० प्रतिशत स्थिर पूँजी निर्माणमा लगानी गर्नुपर्ने आवश्यकता रहेको छ। विगत तीन वर्षको औसत आर्थिक वृद्धिदर ४.४ प्रतिशत र औसत लगानी २२ प्रतिशत मात्र रहेको छ। कुल स्थिर पूँजी निर्माणमा रहेको कम्तीमा ८ प्रतिशतको खाडललाई पूर्ति गर्न आगामी वर्ष रू. १६० अर्ब थप लगानीको आवश्यकता छ, जसमध्ये रू. ५० अर्ब सरकारी पूँजी लगानीमा थप हुनुपर्ने देखिएको छ। त्यस्तै, लगानीको कुशलता पनि वृद्धि हुनु जरूरी छ।

८. पूँजी निर्माणको लागत पनि उच्च रहेको छ। पूर्वाधारको कमी, ऊर्जाको अपर्याप्तता, निर्माण कार्यको कमजोर गुणस्तर, निर्माण कार्यमा आयातित कच्चा पदार्थको बाहुल्यता, कमजोर प्राविधिक क्षमता तथा प्रक्रियागत एवं कानुनी जटिलताहरूका कारण

सीमान्त पूँजी उत्पादन अनुपात ५ को हाराहारीमा रहेको छ, जुन अन्य मुलुकको तुलनामा निकै नै उच्च हो।

९. कृषिको कम उत्पादकत्व, औद्योगिक क्षेत्रको सुस्तता र बढ्दो व्यापार घाटा अर्थतन्त्रको चुनौतिका रुपमा रहेका छन्। कुल जनसंख्याको दुई तिहाइ आश्रित रहेको कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा एक तिहाइ मात्र योगदान दिएको छ। कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान क्रमशः घट्दै गएको हुँदा उत्पादन कमजोर भई निर्यात व्यापारमा समेत कमी आएको छ। चालु आर्थिक वर्षको हालसम्मको तथ्यांकका आधारमा यस वर्ष व्यापार घाटा रू. ६०० अर्ब भन्दा बढी हुने देखिएको छ।

१०. देशभित्र रोजगारीका पर्याप्त अवसरहरूको अभावमा वर्षेनी हजारौं युवा वैदेशिक रोजगारीका लागि जाने गरेका छन् भने अर्कोतिर मुलुकभित्रै कतिपय क्षेत्रमा आवश्यक श्रमशक्तिको अभावले कृषि र उद्योग क्षेत्र समेत प्रभावित भएको छ।

११. सार्वजनिक संस्थानहरूको अवस्था कमजोर रहेको छ। जम्मा ३७ मध्ये १६ सार्वजनिक संस्थानहरू मात्र नाफामा सञ्चालित छन्। नेपाल विद्युत प्राधिकरण तथा नेपाल आयल निगमजस्ता ठूला संस्थानहरूको घाटा निरन्तर बढ्दै गई आम उपभोक्तालाई प्रभावित तुल्याई समग्र अर्थतन्त्रमा नै चुनौति थपिएको छ।

**सम्माननीय सभामुख महोदय,**

१२. नेपाललाई सन् २०२२ सम्म अति कम विकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रको स्तरमा उकास्ने, गरिबी न्यूनीकरण

गरी नेपाललाई समाजिक र आर्थिक रुपमा समृद्ध बनाउँदै जाने, विकास निर्माणका सम्भाव्यताहरूको महत्तम उपयोग गर्ने र समग्र आर्थिक विकासका लागि उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी बजेट उन्मुख हुनेछ। यस सन्दर्भमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताहरूलाई देहायअनुसार प्रस्तुत गरेको छु।

## विनियोजन विधेयकका सिद्धान्तहरू

### संविधान, शान्ति र सुशासन प्रवर्द्धन

(क) संविधान निर्माण, द्वन्द्वपीडित राहत तथा पुनर्स्थापना, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानवीन आयोगका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ। शान्ति प्रक्रियाका बाँकी कामहरू यथाशीघ्र सम्पन्न गर्न जोड दिई राहत पाउन बाँकी द्वन्द्वपीडितहरूलाई राहत वितरण गरिनेछ। जनतालाई सुशासनको अनुभूति दिलाउन पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि, दण्डहीनताको अन्त्य र कानुनी शासनको प्रत्याभूत गरिनेछ। शासकीय सुधारका माध्यमबाट सरकारी सेवा वितरणलाई सरल, सहज र सुलभ बनाउनका लागि आधुनिक सूचना प्रविधि समेतको उपयोग गरिनेछ।

### समष्टिगत आर्थिक स्थायित्व

(ख) बजेट घाटालाई बढ्न नदिई राष्ट्रिय योजना आयोगबाट निर्धारण गरिएको स्रोत सीमा, आगामी आर्थिक वर्षका लागि गरिएको राजस्वको प्रक्षेपण, वैदेशिक स्रोतको प्रतिबद्धता र आन्तरिक

ऋणको सीमा समेतलाई ध्यानमा राखी बजेट निर्माण गरिनेछ। मुलुकमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गरिनेछ। आपूर्ति प्रणालीलाई थप व्यवस्थित गर्दै मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राखिनेछ। निजी क्षेत्रको समेत सहयोगमा वस्तु र सेवा वितरणमा एकाधिकारको अन्त्य गरी प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ।

## उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धि

(ग) कृषि, उद्योग र सेवा तीनै क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी उच्च दरको आर्थिक वृद्धि गरिनेछ। छरिएर रहेका स्रोतहरूलाई एकत्रित गरी आर्थिक वृद्धि केन्द्रित लगानीमा जोड दिइनेछ। सम्पन्न हुने चरणमा पुगेका, शीघ्र प्रतिफल दिने र ठूला पूर्वाधारमा लगानी बढाइनेछ।

## गरिबी न्यूनीकरण

(घ) सरकारी लगानी र कार्यक्रमहरूको प्रतिफल तल्लो तहसम्म विस्तार गरी तेह्रौं योजनाको लक्ष्य अनरुप गरिबी न्यूनीकरणमा जोड दिइनेछ। निजी, सहकारी, गैर सरकारी, लघु कर्जा एवं सामुदायिक क्षेत्रलाई गरिबी निवारणका क्षेत्रमा प्रोत्साहित गरिनेछ। उत्पादन वृद्धि र रोजगारीका अवसर सिर्जना गरी आम नेपालीको आयस्तरमा सुधार गरिनेछ।

## पूँजी निर्माण र लगानी

(ङ) पूँजी निर्माणमा सरकारी लगानी बढाउने र कानुनले निर्धारित गरेका सबै क्षेत्रमा स्वदेशी तथा वैदेशिक निजी लगानी

आकर्षित गरिनेछ। प्रक्रियागत सुधारका माध्यमबाट लगानीका प्रावधानहरूलाई सरल र सहज बनाइनेछ। बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न निर्यात व्यापारलाई प्रोत्साहित गरिनेछ। नियमन कमजोर भएका कतिपय क्षेत्रमा सार्वजनिक हितका लागि प्रणालीमा सुधार ल्याइनेछ। आवश्यकता अनुसार उपयुक्तता हेरी सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गरिनेछ। उत्पादनका साधनहरूको सहज आपूर्तिमा जोड दिइनेछ।

## विकासमैत्री कानुनी आधार

(च) विकासमैत्री नयाँ कानुनहरुको निर्माण गर्नुका साथै सार्वजनिक खरिद ऐन लगायत अन्य विद्यमान कानुनहरूमा परिमार्जन गरिनेछ। व्यवस्थापिका-संसदमा विचाराधीन रहेका विधेयकहरू यथाशीघ्र पारित गरी आवश्यक नयाँ कानुनहरू तर्जुमा गरिनेछ। उत्पादनको सीमान्त लागत बढाउन भूमिका खेल्ने कानुनी, संरचनागत र संस्थागत अवरोधहरू हटाइनेछ।

## गुणस्तरीय भौतिक पूर्वाधार

(छ) सरकारी लगानीलाई मधेश, तराई, पहाडी र हिमाली क्षेत्रको भौतिक पूर्वाधारमा केन्द्रित गराई आम जनतालाई आधारभूत सेवा पुऱ्याउनुका साथै निजी लगानीलाई उत्पादन केन्द्रित गराइनेछ। विगतदेखि सञ्चालन हुँदै आएका राष्ट्रिय गौरवका वृहत् आयोजनाहरूलाई निरन्तरता दिइनेछ। सरकारी लगानीका आयोजना/कार्यक्रम कार्यान्वयनमा रहेका संरचनागत एवं अवरोधहरू हटाइनेछ। सहरी विकासका कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गरिनेछ। आयोजना/ कार्यक्रमहरूको

निर्माण गुणस्तर सुनिश्चित गर्न प्राविधिक परीक्षण गर्ने निकायको क्षमता अभिवृद्धि गरिनेछ।

## मानव विकास

(ज) आर्थिक सामाजिक कार्यक्रमहरूको कार्यान्वयनबाट मानवीय सूचकाङ्कमा सुधार गरिनेछ। महिला दलित आदिवासी जनजाति मुस्लिम अल्पसंख्यक र पछाडि पारिएका सीमान्तकृत वर्गको सामाजिक र आर्थिक विकासमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै सामाजिक आर्थिक विभेदको अन्त्य गरिनेछ। विभिन्न क्षेत्रगत कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्नका लागि आवश्यक मानवस्रोतको आँकलन गरी तत् तत् क्षेत्रमा मानवस्रोतको विकास गरिनेछ।

## युवा परिचालन

(झ) आर्थिक सामाजिक क्रियाकलापहरूमा युवावर्गको भूमिका बढाउँदै युवा लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिनेछ। युवावर्गको ज्ञान, सीप र शक्तिलाई अधिकतम उपयोग गर्न प्रोत्साहित गरिनेछ। खेलकुद पूर्वाधारहरू तयार गर्दै खेलाडीहरूको क्षमता वृद्धि गरी उनीहरूलाई अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाइनेछ।

## विकेन्द्रीकरण

(ञ) स्थानीय निकायहरूको निर्वाचन गराई तल्लो स्तरका निकायहरूलाई अधिकार सम्पन्न बनाइनेछ। स्थानीय स्तरमा सञ्चालन हुन सक्ने विभिन्न आयोजना/कार्यक्रमहरू स्थानीय निकायलाई हस्तान्तरण गरिनेछ। नयाँ नगरपालिकाहरूको

पूर्वाधार विकासमा स्थानीय स्रोत परिचालनलाई प्राथमिकता दिइनेछ।

## उत्तरदायी खर्च व्यवस्थापन

(ट) सार्वजनिक खर्चलाई उत्तरदायी बनाउन आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्नुका साथै बजेट ओगट्ने तर खर्च नगर्ने प्रवृत्तिलाई हतोत्साहित गर्दै काम बिगारे मात्र होइन नगरे वापत पनि दण्डको व्यवस्था गरिनेछ। सार्वजनिक खर्चको कुशलता वृद्धि गर्न चालु खर्चलाई वाञ्छित सीमा भित्र राखिनेछ। अनुत्पादक खर्चहरूलाई घटाउने र उत्पादन केन्द्रित खर्च बढाउने नीति लिइनेछ। बढ्दै गएको चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकत्रित गरी लाभग्राहीले अनुभूत गर्न सक्ने ढङ्गले कार्यान्वयन गरिनेछ।

## सार्वजनिक संस्थान व्यवस्थापन

(ठ) सार्वजनिक संस्थानहरूलाई थप व्यवस्थित गरिनेछ। बन्द भएका र रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थानहरूलाई यथासम्भव पुनः सञ्चालन गर्न विभिन्न विकल्पहरू अध्ययन गरी कार्यान्वयन गरिनेछ। सञ्चालनमा रहेका सार्वजनिक संस्थानरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी गुणस्तर सुधार गरिनेछ।

## आत्मनिर्भरता उन्मुख स्रोत परिचालन

(ड) सार्वजनिक स्रोतको परनिर्भरतालाई क्रमशः कम गर्दै आन्तरिक स्रोतमा आधारित हुने गरी राजस्व परिचालन गरिनेछ। करका दरहरू वृद्धि गर्ने भन्दा करको दायरा विस्तार गर्ने नीति लिइनेछ। अन्तर्राष्ट्रिय एवं अन्य क्षेत्रीय संगठनको सदस्यको

रुपमा नेपालले गरेको प्रतिबद्धता अनुरुप भन्सारका दरहरू घटाउँदै जानुपर्ने भएकाले यसबाट कमी हुने राजस्वलाई आन्तरिक कराधार विस्तारको माध्यमबाट पूर्ति गरिनेछ।

## राजस्व प्रशासनको सुदृढीकरण

(ढ) सूचना प्रविधिको प्रयोग मार्फत् कर सम्बन्धी कार्यहरूलाई सरल र सहज बनाइनेछ। समग्र राजस्व प्रणालीमा थप आधुनिकीकरण र सरलीकरण गरी स्वेच्छिक रुपमा कर तिर्ने वातावरणको निर्माण गर्दै करदाताको व्यावसायिक लागत कम गरिनेछ। चोरी निकासी पैठारी, राजस्व चुहावट, विदेशी विनिमय अपचलन र सम्पति शुद्धीकरण गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गरी स्वच्छ र पारदर्शी अर्थतन्त्रको विकास गरिनेछ। करको संरचनात्मक सुधारका लागि सम्बद्ध कानुनहरू परिमार्जन गरिनेछ।

## वैदेशिक सहायताको प्रभावकारी उपयोग

(ण) वैदेशिक सहायतालाई समयानुकूल बनाई यसको को प्रभावकारिता वृद्धि गर्न चाँडै नै नयाँ वैदेशिक सहायता नीति घोषणा गरिनेछ। वैदेशिक सहायता परिचालन गर्दा परिमाणात्मक भन्दा गुणात्मक पक्षलाई ध्यान दिइनेछ। वैदेशिक सहायतालाई सरकारको प्राथमिकताका क्षेत्रहरूमा परिचालन गर्ने नीति

# विनियोजन विधेयकका प्राथमिकताहरू

(क) **ऊर्जा विकास -** ठूला जलाशययुक्त आयोजनाहरूको निर्माण तथा प्रसारण लाइनहरूको निर्माणलाई तीव्रता दिने, निर्माणाधीन आयोजनाहरू सम्पन्न गर्न प्राथमिकता दिने, अन्तरदेशीय विद्युत प्रसारण लाइनहरूको निर्माण र विस्तार गर्ने, ग्रामीण विद्युतीकरणलाई व्यापकता दिई तीन वर्षभित्र सबै गाउँमा विद्युत सेवा पुऱ्याउने र लोड सेडिङको अन्त्य गर्न प्राथमिकता दिने।

(ख) **कृषिको व्यवसायीकरण -** किसानहरूको उत्पादनका साधनहरूमा पहुँच वृद्धि गर्ने, विभिन्न खाले सिंचाइ प्रणालीको विकास र विस्तार गर्ने, कृषि अनुकूल हुने गरी भूमिको उपयोग गर्ने, कृषि कर्जामा पहुँच वृद्धि गर्ने, कृषिको व्यवासायिकरणमा जोड दिंदै कृषि व्यवसायमा युवा पिँढीलाई आकर्षित गर्न थप प्रोत्साहनको व्यवस्था गर्ने, उपयोग नभएको भूमिलाई उत्पादनशील बनाउन प्रोत्साहन गर्ने, कृषि उत्पादकत्व बढाउन करार खेती लगायतका विभिन्न अवधारणा लागु गर्ने,

(ग) **यातायात विस्तार तथा सुधार -** रणनीतिक सडकहरू सम्पन्न गर्ने, मुख्य सडकहरूको आवधिक मर्मत गर्ने, निर्माणाधीन पुलहरूको निर्माण सम्पन्न गर्न प्राथमिकता दिने, निर्माण गुणस्तरमा वृद्धि गर्न निर्माण व्यवसायी लगायत प्राविधिकहरूको क्षमता वृद्धि गर्ने।

(घ) **सामाजिक क्षेत्र -** शिक्षा, स्वास्थ्यको गुणस्तरमा वृद्धि गर्ने, सामाजिक समावेशीकरणको नीतिलाई निरन्तरता दिने, प्राविधिक शिक्षा विस्तार गर्ने, छाता विश्वविद्यालय कानुनको माध्यमबाट

विश्वविद्यालय शिक्षामा छरिएको स्रोतलाई एकत्रित गर्ने, स्वास्थ्य बीमालाई प्रभावकारी रूपमा विस्तार गर्ने, आधारभूत स्वास्थ्य सेवामा विपन्न वर्गको पहुँच वृद्धि गर्ने।

(ङ) **पर्यटन विकास -** पहुँच बढाउन विमानस्थल विस्तार गर्ने, निर्माणाधीन विमानस्थल सम्पन्न गर्दै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य शुरु गर्ने, भैरहवा र पोखरा विमानस्थल निर्माण कार्यलाई तीब्रता दिने, आन्तरिक विमानस्थलहरूको सुधार गर्ने, ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्वका स्थलहरूको संरक्षण र संवर्द्धन गर्ने तथा पर्यटनका आधारभूत पूर्वाधार सरकारले निर्माण गर्ने र नयाँ नयाँ गन्तव्यको पहिचान गर्ने।

(च) **खानेपानी, भू उपयोग एवं व्यवस्थित बसोवास -** खानेपानीको उपलब्धताले उत्पादनशील समय थप हुने र पानीकै कारणले हुने स्वास्थ्य समस्यामा कमी आउने भएकाले खानेपानीमा लगानी गर्ने, मेलम्ची लगायत निर्माणाधीन आयोजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्ने र व्यवस्थित बस्तीको विकास गर्ने, समुचित भू उपयोग नीति अवलम्बन गर्दै चुरे लगायतका वन क्षेत्रको संरक्षण गर्दै वन पैदावारको समुचित उपयोगमा ध्यान दिने।

(छ) **दीगो ग्रामीण विकास -** ग्रामीण पूर्वाधारलाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने किसिमले विकास गर्ने, उत्पादनका साधनको पहुँच वृद्धि र उत्पादित सामाग्रीको बजारीकरणमा सहायक हुने गरी ग्रामीण पूर्वाधार निर्माण गर्ने, ग्रामीण क्षेत्रमा

उत्पादन र आयका अवसरहरू सिर्जना गरी आत्मनिर्भरताको दिशामा अघि बढाउने।

(ज) **निजी क्षेत्र विकास -** सार्वजनिक निजी साझेदारी वृद्धि गर्ने, विशेष आर्थिक क्षेत्रहरूको निर्माण र सञ्चालन गर्ने, निर्यात व्यापारलाई प्रोत्साहन दिने, औद्योगिक पूर्वाधारमा लगानी बढाउने, वित्तीय क्षेत्र सुधार गर्ने।

(झ) **शान्ति सुरक्षा एवं विदेश सम्बन्ध —** प्रत्येक नागरिकले भयमुक्त वातावरणमा जीवनयापन गर्न पाउने अधिकार सुरक्षित गर्नका लागि शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, शान्ति प्रक्रियामा बाँकी रहेका कामहरू सम्पन्न गर्न एवं विगतमा छुटेका पीडित पक्षलाई राहतको व्यवस्था गर्ने। हाम्रा छिमेकी लगायत सबै मित्रराष्ट्र एवं बहु राष्ट्रिय संस्थाहरूसंगको सम्बन्धलाई अझ विकसित गर्दै परराष्ट्र सम्बन्धलाई थप सुदृढ एवं व्यवस्थित बनाउने।

१३. यी सिद्धान्त र प्राथमिकतामा माननीय सदस्यहरूले गहन छलफल गरी आ-आफ्नो तर्फबाट दिनुहुने सुझावले सरकारलाई बजेट निर्माणका लागि मार्गनिर्देश गर्दछ भन्ने अपेक्षा गरेको छु।

१४. धन्यवाद, जय नेपाल !